# नेपाल मानव अधिकार संगठन (HURON)

## वार्षिक कार्यसम्पादन (प्रगति) प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२

### १. प्रस्तावना

नेपाल मानव अधिकार संगठन (HURON) नेपालको लोकतान्त्रिक अभ्यास, मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन, सामाजिक न्याय र विधिको शासन सुदृढीकरणका लागि स्थापित एक अग्रणी, गैरसरकारी तथा गैरनाफामूलक संस्था हो । जसले स्थापना कालदेखि नै मानव अधिकारको संरक्षण, प्रवर्द्धन तथा लोकतान्त्रिक मूल्य-मान्यताको संस्थागत विकासमा निरन्तर योगदान पुऱ्याउँदै आएको छ । अन्तर्राष्ट्रिय मानव अधिकार दिवस, सन् १९८८ (वि.सं. २०४५) मा नेपालको पहिलो मानव अधिकार संस्थाको रूपमा स्थापना भएको HURON ले मुलुकका विभिन्न राजनीतिक संक्रमण, सामाजिक परिवर्तन र संवैधानिक विकासका प्रत्येक चरणमा सक्रिय, जिम्मेवार र सशक्त नागरिक भूमिकाको निर्वाह गर्दै आएको छ ।

लोकतन्त्रको पुनःस्थापना आन्दोलन, सशस्त्र द्वन्द्वकाल, शान्ति प्रक्रिया, संक्रमणकालीन न्याय, संविधान निर्माण, संघीय संरचनाको कार्यान्वयन तथा पछिल्ला वर्षहरूमा देखिएका सामाजिक-राजनीतिक उतारचढावका सन्दर्भमा HURON ले मानव अधिकार, विधिको शासन, नागरिक स्वतन्त्रता र सामाजिक न्यायको पक्षमा निरन्तर वकालत गर्दै आएको छ । संगठनले मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन, दस्तावेजीकरण, पीडितमुखी कानुनी सहायता, सार्वजनिक अपिल, नीति पैरवी तथा संवादमार्फत राज्य र सरोकारवालालाई जवाफदेही बनाउने प्रयास गर्दै आएको छ ।

यो वार्षिक कार्यसम्पादन (प्रगति) प्रतिवेदन, आर्थिक वर्ष २०८१/०८२, HURON ले उक्त अवधिमा देशभर सञ्चालन गरेका कार्यक्रम, गतिविधि, अभियान तथा वकालत पहलहरूको समग्र अभिलेख हो । यस प्रतिवेदनले मानव अधिकारको संरक्षण र प्रवर्द्धनका क्षेत्रमा संगठनले गरेका प्रयास, हासिल गरेका

उपलब्धि, सामना गर्नुपरेका चुनौती, सिकाइ तथा आगामी दिनका रणनीतिक कार्यदिशालाई तथ्यपरक र व्यवस्थित रूपमा प्रस्तुत गर्दछ ।

आर्थिक वर्ष २०८१/०८२ नेपालका लागि राजनीतिक, सामाजिक र नागरिक अधिकारका दृष्टिले संवेदनशील तथा महत्वपूर्ण वर्ष रह्यो । विभिन्न आन्दोलन, उपनिर्वाचन, श्रमिक तथा पेशागत संघर्ष, संक्रमणकालीन न्यायसम्बन्धी बहस, महिला तथा सीमान्तकृत समुदायका मुद्दा, शरणार्थी अधिकार तथा नागरिक स्वतन्त्रतासँग सम्बन्धित घटनाहरूले मानव अधिकारको अवस्था पुनः गम्भीर रूपमा उजागर गरे । यस्तो सन्दर्भमा HURON ले लोकतान्त्रिक मूल्य, अहिंसात्मक आन्दोलन, संवाद र मानव अधिकारमैत्री शासन प्रणालीको पक्षमा आफ्नो संस्थागत भूमिकालाई थप सक्रिय बनायो ।

यस प्रतिवेदनको उद्देश्य केवल गतिविधिको सूची प्रस्तुत गर्नु मात्र नभई, HURON को संस्थागत प्रतिबद्धता, मानव अधिकारप्रतिको दृष्टिकोण र भविष्यका लागि संगठनले अवलम्बन गर्न चाहेको दिशा स्पष्ट गर्नु पनि हो । यस प्रतिवेदनले दातृ निकाय, सरकारी संस्था, नागरिक समाज, अनुसन्धानकर्ता तथा आम नागरिकलाई संगठनको काम, प्रभाव र प्रतिबद्धताबारे जानकारी प्रदान गर्ने विश्वास लिइएको छ ।

HURON ले आगामी दिनमा पनि मानव अधिकारको सार्वभौमिक मूल्य, संविधान प्रदत्त मौलिक अधिकार तथा अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डको संरक्षण र कार्यान्वयनका लागि निरन्तर, निष्पक्ष र निर्भीक रूपमा काम गर्ने प्रतिबद्धता यस प्रतिवेदनमार्फत पुनः व्यक्त गर्दछ ।

## २. संस्थागत परिचय :

- **संस्थाको नामः** नेपाल मानव अधिकार संगठन (HURON)
- **स्थापना वर्षः** २०४५
- **कानुनी हैसियतः** गैर-राजनीतिक, गैरनाफामूलक संस्था
- **कार्य क्षेत्रः** संघीय, प्रदेश तथा स्थानीय तह (७७ जिल्ला)

**मुख्य उद्देश्य**

नेपालमा मानव अधिकारको संरक्षण, प्रवर्द्धन र सम्मान सुनिश्चित गर्दै लोकतान्त्रिक प्रक्रिया, विधिको शासन र सामाजिक न्यायलाई सुदृढ बनाउनु HURON को मुख्य उद्देश्य हो । यस उद्देश्य अन्तर्गत संगठनले निम्न क्षेत्रमा कार्य गर्दै आएको छ :

- मानव अधिकार उल्लङ्घनको अनुगमन, दस्तावेजीकरण तथा वकालत,
- लोकतान्त्रिक प्रक्रिया र संस्कृतिको सुदृढीकरण,
- शान्तिपूर्ण द्वन्द्व समाधान तथा संवाद प्रवर्द्धन,
- शरणार्थी, महिला, बालबालिका, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको अधिकार संरक्षण,
- दण्डहीनता अन्त्य तथा कानुनी सुधारका लागि नीतिगत वकालत,
- मानव अधिकार शिक्षा र नागरिक सचेतना अभिवृद्धि,
- कानूनी सहायता ।

**३. प्रतिवेदनको अवधि** :

यो प्रतिवेदन आर्थिक वर्ष २०८१ साल श्रावण १ गतेदेखि २०८२ साल आषाढ मसान्तसम्म को अवधिमा सम्पन्न कार्यक्रम तथा गतिविधिमा आधारित छ ।

**४. प्रतिवेदनका प्रमुख उद्देश्यहरू** :

- मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन र अभिलेखीकरण,
- पीडितमुखी कानुनी तथा मानवीय सहयोग,
- लोकतन्त्र, सुशासन र नागरिक स्वतन्त्रताको प्रवर्द्धन,
- नागरिक सचेतना, संवाद र क्षमता अभिवृद्धि ।

**५. प्रमुख कार्यक्रम तथा गतिविधिहरू** :

**५.१ मानव अधिकार वकालत तथा सार्वजनिक धारणा** :

- आर्थिक वर्ष २०८१/८२ को अवधिमा देशका विभिन्न भागमा भएका राजनीतिक, सामाजिक तथा नागरिक आन्दोलनका क्रममा मानव अधिकारको संरक्षण सुनिश्चित गर्न HURON ले सरकार, सुरक्षानिकाय तथा सम्बन्धित निकायहरूसँग निरन्तर संवाद, वकालत र अपिल जारी गऱ्यो । कानूनी लडाई तथा शान्तिपूर्ण प्रदर्शन, अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारको पक्षमा संगठन सक्रिय रह्यो ।

**५.२ संक्रमणकालीन न्यायसम्बन्धी नागरिक संवाद** :

- २०८२ जेठ ८: ताइवान फाउन्डेसनको सहकार्यमा ‘मानव अधिकार र लोकतन्त्रमा संक्रमणकालीन न्यायको असर’ विषयक बृहत् नागरिक स्तरीय छलफल कार्यक्रम काठमाडौँमा सम्पन्न गरियो । कार्यक्रममा २५० जनाको उपस्थिति थियो र प्रमुख अतिथिका रूपमा पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईको उपस्थिति रहेको थियो । द्वन्द्वपीडित, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि तथा विभिन्न वर्गका नागरिकको सहभागितामा नेपाल मानव अधिकार संगठनका अध्यक्ष इन्द्र अर्यालको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो । साथै संक्रमणकालिन न्यायको लागि संगठनले निरन्तर वकालत गरि आएको र अध्यक्ष इन्द्र प्रसाद अर्यालले वर्षभरिमा कम्तिमा १५ वटा विभिन्न सस्थाहरु द्वारा आयोजित कार्यक्रमहरुमा पीडितको न्याय र मानव अधिकारको पक्षमा आफ्नो धारणा राख्नुका साथै सडक संघर्षमा समेत संगठनको सक्रिय उपस्थिति रहेको ।
- संक्रमणकालीन न्यायपिडितको लागि बन्ने सत्य निरुपण तथा मेलमिलाप आयोग, सक्षम मानव अधिकार मैत्री, पीडित मैत्री हुनुपर्दछ भन्दै संगठनले निरन्तर आवाज उठाउने गरेको तथा बिषय अनविज्ञ र स्वार्थमा पदाधिकारी नियुक्त गर्ने कार्य हुनु हुदैन यस्तो आयोगले न्याय दिन सक्दैन भनि व्यापक धारणा तथा कानुन मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतमा अध्यक्षले उपस्थित भइ पटक पटक न्यायको पक्षमा आफ्नो धारणा राखेको ।
- २०८० साउन २५: प्रतिनिधि सभामा पेश गर्न लागेको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विधेयक नेपालको संविधान, नेपालको न्यायिक व्यवस्था, प्रचलित कानून, नेपाल पक्ष भएको मानवअधिकार कानून र मानवीय कानूनको व्यवस्था, सङ्क्रमणकालीन न्यायका सिद्धान्त, सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरूमा गरेको फैसला आदेश विपरित पीडितलाई झन पीडित बनाउने किसिमको भएकाले

प्रस्तावित संसोधन विधेयक यथा स्वरूपमा पारित नगर्न नगराउन प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सदस्यहरू र नेपाल सरकार समक्ष संगठनले २०८० साउन २५ गते जोडदार रूपले माग गर्यो । प्रतिनिधि सभाको मानव अधिकार समिति कानुन मन्त्रालयमा पटक पटक उपस्थित भइ अध्यक्षले संक्रमणकालीन न्यायको पक्षमा आफ्नो राय समेत राखेको ।

## ५.३ विचार, अभिव्यक्ति स्वतन्त्रता तथा नागरिक अधिकार :

- संगठनको अध्यक्ष इन्द्र प्रसाद अर्याललेे मानव अधिकार र लोकतन्त्रको पक्षमा देशका राष्ट्रिय टेलिभिजन च्यानलहरुमा समय सापेक्ष धारणा राखी मानव अधिकार र लोकतन्त्रको स्थायित्व र स्थापनाका लागि जनचेतना जगाउने सुसुचित गर्ने कार्य गरेको ।

## ५.४ अन्तर्राष्ट्रिय मानव अधिकार र अल्पसंख्यक अधिकारसम्बन्धी अपिल :

- २०८१ साउन २२: नेपाल मानव अधिकार संगठनले बङ्गलादेशमा मानवअधिकार उल्लंघनका दोषी उपर छानबिन र कारवाही एवं सेनाको हातबाट नागरिकमा सत्ता हस्तान्तरण गर्ने वातावरण मिलाउन त्यहाँका जनता, राजनैतिक दलहरु, नागरिक समाज तथा संयुक्त राष्ट्रसंघ लगायत अन्तर्राष्ट्रिय समुदाय समक्ष जोडदार अपिल गर्यो ।
- २०८१ साउन २७: बंगलादेशमा भएको राजनैतिक परिवर्तन पश्चात् आन्दोलनकारी शक्तिबाट नयाँ अन्तरिम सरकार बनिसके पश्चात समेत अल्पसंख्यक हिन्दु धार्मिक समुदाय उपर अत्याचार भईरहेको र आस्थाकै आधारमा उनीहरु माथि अत्याचार भएको भनी अन्तर्राष्ट्रिय समाचार माध्यममा आएका समाचारका सन्दर्भमा संगठनले अल्पसंख्यक समुदायको अधिकारको रक्षा गर्न अपिल जारी गर्यो ।

## ५.५ न्यायिक स्वतन्त्रता र कानूनको शासन :

- २०८१ भदौ १४: गौरा पर्वको अवसरमा काठमाडौं टुँडिखेलमा आयोजित कार्यक्रममा राजनैतिक दलको उच्च नेतृत्वको सम्बोधनका क्रममा नाराबाजीमा संलग्न भएको आरोपमा युवाहरूलाई

पक्राउ गरी अभद्र व्यवहारमा मुद्दा चलाइएको घटनाप्रति संगठनले तत्काल रिहाइ र विचार अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न अपिल गर्यो ।

- २०८१ कात्तिक ९: राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्व उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने उपर सहकारी ठगी सम्बन्धी मुद्दाको आरोप लागी अनुसन्धान भइरहेको समयमा उक्त पार्टीका नेता तथा जनप्रतिनिधिहरुले अनुसन्धान र अदालतलाई प्रभावित पार्ने उद्देश्यले गरेको सडक आन्दोलन र न्यायलय, न्यायमूर्तिहरु तथा अनुसन्धान गर्ने निकायका प्रमुखहरु समेत माथि विभिन्न सञ्चार माध्यम तथा सामाजिक सन्जालबाट भइरहेको अनर्गल टिका टिप्पणी प्रति संगठनले न्याय प्रक्रियामा बाधा नपुर्‍याउन नेपाल सरकार तथा सरोकारवालाहरुसँग अपिल गर्यो ।
- २०८१ माघ ३: मिति २०८१/१०/०२ गते काठमाडौं जिल्ला अदालतमा रास्वपाका सभापति रवि लामिछानेसहित प्रतिवादी र सुमन खनाल समेत जाहेरवाला रहेको संगठित ठगी मुद्दामा जाहेरवालाका तर्फबाट बहसपैरवीका लागि नियुक्त कानून व्यवसायी वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी मुद्दाको बहस पश्चात् अदालतबाट बाहिरिने क्रममा प्रतिवादीका समर्थकहरुले त्रिपाठीको बहसमा उठेका विषयलाई लिएर निजमाथि धक्का मुक्की गरेको निन्दनीय घटनाप्रति संगठनले मिति २०८१ माघ ३ गते अपिल जारी गर्यो ।

**५.६ द्वन्द्व, सार्वजनिक आन्दोलन र शान्तिपूर्ण समाधान** :

- २०८१ माघ १५: ताप्लेजुङको पाथिभरा क्षेत्रमा केवलकार निर्माणसम्बन्धी विवादका कारण मिति २०८१/१०/१२ मा स्थानीय प्रदर्शनकारी र सुरक्षाकर्मी विच झडप हुँदा दुवै तर्फका व्यक्तिहरु घाइते भएको घटनाप्रति संगठनले मिति २०८१ माघ १५ गते अपिल जारी गरी वार्ताबाट समस्याको समाधान खोज्न आग्रह गयो ।
- २०८१/१२/१४: दुर्गा प्रसाईं तथा राजसंस्था पुनःस्थापनाको नाममा भएको तिनकुने आन्दोलनमा देखिएका हिंसात्मक गतिविधि, हिंसा भड्काउने प्रयास र नागरिक स्वतन्त्रतामाथि भएका हस्तक्षेपप्रति संगठनले गम्भीर ध्यानाकर्षण गराउँदै मानव अधिकार उल्लङ्घन भएको ठहर सहित आफ्नो धारणा सार्वजनिक गर्‍यो ।

- २०८१/१२/२२: मिति २०८१/१२/२२ मा शिक्षक आन्दोलनको सन्दर्भमा शान्तिपूर्ण आन्दोलन, श्रमिक अधिकार तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न आग्रह गर्दै औपचारिक विज्ञप्ति जारी गरियो ।

**५.७ निर्वाचन अनुगमन** :

- २०८१ मंसिर १६: देशभरका ३२ जिल्लाका ४४ स्थानमा सम्पन्न स्थानीय तहको उपनिर्वाचनमा निर्वाचन आयोगसँग समन्वय गरी प्रशिक्षित निर्वाचन पर्यवेक्षकहरू परिचालन गरियो । यसले निर्वाचन प्रक्रियाको निष्पक्षता, पारदर्शिता र मतदाताको अधिकार संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्यायो ।

**५.८ मानव अधिकार शिक्षा कार्यक्रम** :

- २०८१ जेठ ३१ गते डोल्पामा र २०८१ असार १४ गते हुम्ला लगायत विभिन्न जिल्लामा मानव अधिकार शिक्षा कार्यक्रम सञ्चालन गरियो, जसले दुर्गम क्षेत्रका नागरिकमा अधिकारप्रति सचेतना अभिवृद्धि गर्न योगदान पुऱ्यायो ।

**५.९ प्रदेश तथा स्थानीय तहमा छलफल कार्यक्रम** :

- २०८२ वैशाख २६: ताइवान फाउन्डेसनको सहकार्यमा मधेश प्रदेश तथा महोत्तरी जिल्ला शाखाको समन्वयमा मधेश प्रदेशको महोत्तरी जिल्लामा 'स्थानीय तहमा मानव अधिकार र लोकतन्त्र' विषयक छलफल तथा विचार-विमर्श कार्यक्रम आयोजना गरियो, जसमा मधेश प्रदेशका ८ जिल्लाबाट विभिन्न समुदायको प्रतिनिधित्व रहेको थियो ।
- २०८२ वैशाख २७: बागमती प्रदेशको चितवनमा संगठनको चितवन जिल्ला शाखाको समन्वयमा 'नेपालमा मानव अधिकारको अवस्था, जनभावना र हाम्रो दायित्व' विषयक कार्यक्रम सम्पन्न गरियो, जसमा स्थानीय राजनैतिक दल, संघ, सस्था र सबै वर्गको सहभागिता रहेको थियो ।
- २०८२ वैशाख २९: बागमती प्रदेशकै धादिङ जिल्लामा नेपाल मानव अधिकार संगठन धादिङ शाखाको समन्वयमा 'स्थानीय तहमा मानव अधिकार र लोकतन्त्र' विषयक छलफल कार्यक्रम सम्पन्न गरियो, जसमा विविध समुदायको उल्लेखनीय सहभागिता रहेको थियो ।

**५.१० विषयगत विचार-विमर्श र कानुनी पहल :**

- २०८१ असार ३१: विभिन्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज तथा मानव अधिकारकर्मीहरूको सहभागितामा "How to Protect and Ensure Human Rights" शीर्षकमा विचार-विमर्श कार्यक्रम नेपाल मानव अधिकार संगठन, केन्द्रिय कार्यालय, अनामनगर, काठमाडौँमा आयोजना गरियो ।
- २०८१ फाल्गुन १: युरोपेली डायोसिजको चाल्सर, FTV च्याम्बर अन्तराष्ट्रिय धार्मिक स्वतन्त्रता गठबन्धनका सदस्यसँग धार्मिक स्वतन्त्रता सम्बन्धी नेपाल मानव अधिकार संगठन, केन्द्रिय कार्यालय, अनामनगर, काठमाडौँमा छलफल सम्पन्न भयो ।
- UNHCR को पहलमा शरणार्थीको स्थानीय कानुनी अड्चन, विवाह, नागरिकता र सम्बन्धित मुद्दामा संगठनको कार्यालय र UNHCR को नेपाल स्थित कार्यालयमा सम्बन्धित पदाधिकारीहरु संग पटक पटक विशेष छलफल गरियो र संगठनको तर्फबाट समस्या समाधानको पहल भयो ।

**५.११ मानव अधिकार दिवस कार्यक्रम :**

- २०८१ मंसिर २२: ७६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) को अवसरमा २०८१ मंसिर २२ गते "Our rights, our future, right now" भन्ने मूल नाराका साथ संगठनले बृहत रक्तदान कार्यक्रम ललितपुरमा आयोजना गरी मनायो । कार्यक्रममा ६४ जनाले रक्तदान गरेका र प्रमुख अतिथिका रूपमा ललितपुरकै पूर्व सांसद नेपाली कांग्रेसका नेता उदय शमशेर राणाको उपस्थिति रहेको थियो ।

**५.१२ पीडितमुखी निशुल्क कानुनी पहल र वकालत :**

- घरेलू हिंसा, जबरजस्ती करणी लगायत बाट पीडित महिला विनु यादव न्यायको माग गर्दै २०८१ श्रावन देखि १२ दिन माइतीघर मण्डला काठमाडौँमा अनशनमा बसेको, संगठनका केन्द्रीय अध्यक्ष इन्द्र प्र. अर्यालको पहलमा तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठ र पीडितबीच न्यायिक सम्झौता गराइयो । साथै जिल्ला तथा उच्च अदालतमा पिडीतको तर्फबाट बहस पैरवी गरिआएको र पिडीतलाई न्याय दिलाउने कार्य भएको ।

- जबरजस्ती करणी पिडित आरति गिरि २०८१ भाद्रमा काठमाडौँको माइतीघर मण्डलामा अनसन बसेकोमा गृह मन्त्रालयसंग समन्वय सम्झौता गराइ संगठनको अध्यक्षले अनसन तोडाएको ।
- मिटरब्याजी पीडितको आन्दोलनमा पीडितको पक्षमा निरन्तर वकालत गर्ने काम भयो ।
- सहकारी पीडितहरूको हकहित संरक्षणका लागि कानुनी तथा नीतिगत वकालत गरियो ।
- मानव अधिकार हननमा परेका घरेलू हिंसा, जबरजस्ती करणी लगायतको बिषयमा राज्यले न्याय दिन इन्कार गरेका पीडित महिलाहरू (विनु यादव, निहारिका राजपूत, आरती गिरी, शोभा पाठक, तारा बराल, कञ्चन शाह, रञ्जना पौडेल, सर्मिला शाही, कृतिका यादव, आरती साह, सबिना गुरुङ लगायत) का विभिन्न मुद्दामा संगठनका केन्द्रीय अध्यक्ष इन्द्र प्रसाद अर्यालद्वारा देशका विभिन्न जिल्ला, उच्च तथा सर्वोच्च अदालतमा पीडीतको न्याय तथा मानव अधिकार संरक्षणका लागी संगठनको तर्फबाट निशुल्क निरन्तर बहस पैरवी गर्दै आएको र सम्बन्धित प्रहरी तथा सरकारी वकिल कार्यालयहरुमा कानूनी सहायता सहजीकरणको लागी पहल गर्ने कामहरू गरेको ।
- विभिन्न बहानामा नेपाली नागरीकता प्राप्त गर्न बन्चित गरिएका पीडितहरु चन्द्रकला कार्की, बिष्णु कुमार महर्जन, इमेश श्रेष्ठको तर्फबाट अध्यक्षले निशुल्क रुपमा उच्च अदालत पाटनमा रिट दायर वहस पैरवी गरी नागरीकता दिलाउने गरी परमादेश जारी भएको ।
- द्वन्दकालिन मुद्दाका बिषयमा सर्वोच्च अदालतमा मैना सुनार र अर्जुन लामाको हत्यामा संलग्नलाइ कारबाहीको परमादेश माग गरी परेको रिटहरुमा अध्यक्षले पटक पटक वहस पैरवी गर्नुभयो ।
- कैलालीको टिकापुर घटनाको दोषीलाई अदालतले तोकेको सजाय माफी दिएको बिषयमा संगठनका तर्फबाट अध्यक्षले पिडीत शारदा कठायत मार्फत सर्वोच्च अदालतमा रिट दायर गरी वहस पैरवी गरी आएको ।
- संक्रमणकालीन न्यायका बिषयमा ज्ञानेन्द्र आरन, कृष्ण शर्मा, सुमन अधिकारी, गंगामाया अधिकारी लगायत द्वन्द पीडितहरुले सर्वोच्च अदालतमा दायर गरेको फरक फरक रिटहरुमा संगठनका तर्फबाट सर्वोच्च अदालतमा निशुल्क कानुनी सेवा उपलब्ध गराएको ।
- सर्लाहीको कुमार पौडेलको गैर न्यायिक हत्यामा संलग्न प्रहरी प्रशासनका पदाधिकारीहरु लगायत उपर ज्यान सम्बन्धि कसुरमा जाहेरी दर्ता गरि अनुसन्धान गरीपाउन सर्वोच्च अदालतमा दायर

परमादेश रिटमा जाहेरी दर्ता आदेश भैसकेको र रिट अन्तिम हुन बाकी रहेकोले सर्वोच्च अदालतमा वहस पैरवी लगायत सम्पूर्ण आवस्यक कानुनी कारवाही नियमित गरीआएको ।

- कंचनपुर जिल्ला भीमदत्त नगरपालीका उल्टा खामकी १३ वर्षीय वालिकालाइ जबरजस्ती करणी गरी हत्या गरिएको बिषयमा यातना आरोपी प्रहरी अधिकारीहरुको मुद्दा नचल्ने निर्णय बिरुद्द पीडितको दाजु खडक सिंह बिस्टले अदालतमा दायर गरेको उत्प्रेषण परमादेश रिटमा दर्ता, वहस लगायत सम्पूर्ण निशुल्क कानुनी सहायता संगठनले उपलब्ध गराएको ।

**६. प्रमुख उपलब्धिहरू** :

- मानव अधिकार संरक्षण र वकालतमा निरन्तर र प्रभावकारी भूमिका,
- निष्पक्ष निर्वाचन लोकतन्त्रको स्थायित्व,
- हिंसात्मक गतिविधिविरुद्ध स्पष्ट संस्थागत धारणा,
- महिला तथा सीमान्तकृत समुदायको न्याय पहुँचमा योगदान,
- दुर्गम क्षेत्रमा मानव अधिकार शिक्षा विस्तार,
- दण्डहिनतामा कमि ।

**७. प्रमुख चुनौतीहरू** :

- सीमित आर्थिक स्रोत,
- दुर्गम क्षेत्रमा पहुँचको कठिनाइ,
- राजनीतिक तथा प्रशासनिक दबाब ।

**८. सिकाइ तथा अनुभव** :

- समुदायस्तरको सहभागिताले कार्यक्रमको प्रभाव बढाउँछ ।
- सञ्जाल र सहकार्य बिना दीगो प्रभाव सम्भव छैन ।

**९. भावी योजना तथा सिफारिस** :

- प्रदेश तथा स्थानीय तहमा संगठन विस्तार,
- कानुनी सहायता कार्यक्रम सुदृढीकरण,
- युवालाई मानव अधिकार अभियानमा सक्रिय सहभागिता ।

## १०. निष्कर्ष

नेपाल मानव अधिकार संगठन (HURON) ले आर्थिक वर्ष २०८१/८२ मा सीमित स्रोतका बाबजुद मानव अधिकार, लोकतन्त्र र सामाजिक न्यायको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएको छ । आगामी दिनमा अझ प्रभावकारी, परिणाममुखी र पीडितमैत्री कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता संगठन व्यक्त गर्दछ ।